# दंगीशरण गाउँपालिकाको सूचना, सन्देश तथा लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी मापदण्ड, २०८०

| | |
|---|---|
| कार्यपालिकाबाट पारित मिति: | २०८०/०९/०१ |

दंगीशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०८०

# दंगीशरण गाउँपालिकाको सूचना, सन्देश तथा लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी मापदण्ड, २०८०

कार्यपालिकाबाट पारित भएको मितिः २०८०/०९/०१

**प्रस्तावनाः** दंगीशरण गाउँपालिकाबाट जारी हुने सार्वजनिक सूचना, सन्देश, लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरी आम जनतालाई सुसूचित गराउनका लागि आम सञ्चारका छापा, विद्युतीय तथा अनलाइन माध्यमहरूलाई दिइने सूचना, सन्देश तथा विज्ञापनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाको मिति २०८०/०९/०१ बैठकले यो मापदण्ड तयार गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "दंगीशरण गाउँपालिकाको सूचना, सन्देश तथा लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी मापदण्ड, २०८०" रहनेछ ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(१) **"कार्यालय"** भन्नाले दंगीशरण गाउँपालिका अन्तर्गतको गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ र सो शब्दले वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरू समेतलाई समेट्नेछ ।

(२) **"अध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाका अध्यक्षलाई जनाउनेछ ।

(३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले दंगीशरण गाउँपालिकाको प्रशासनिक प्रमुखको जिम्मेवारी तोकिएका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

(४) **"सूचना अधिकारी"** भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ (१) तथा नियमावली, २०६५ को नियम २४ (क) बमोजिम जिम्मेवारी तोकिएका कर्मचारीलाई जनाउनेछ ।

(५) **"ऐन"** भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनु पर्दछ ।

(६) **"नियमावली"** भन्नाले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ सम्झनु पर्दछ ।

(७) **"पत्रपत्रिका"** भन्नाले छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९ को नियम १७ बमोजिम प्रेस काउन्सिल नेपालबाट श्रेणी विभाजन स्वीकृत भएका नेपालभरबाट प्रकाशित छापा माध्यमका पत्रपत्रिकालाई समझनु पर्दछ ।

(८) **"विद्युतीय (डिजिटल) माध्यम"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यमबाट सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, तस्वीर, गीत, सङ्गीत, भिडियो, एनिमेशनको प्रयोग गरी सन्देश वा विषयगत विचार, सूचना तथा समाचार, श्रव्यदृश्यको उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने माध्यम भन्ने सम्झनु पर्दछ ।

(९) **"सञ्चार माध्यम"** भन्नाले सरकारी, सामुदायिक वा निजी क्षेत्रबाट समाचार, सूचना, मनोरञ्जनात्मक कार्यक्रम तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन वा प्रसारण गर्ने विद्युतीय, रेडियो तथा छापा सञ्चार माध्यम सम्झनु पर्दछ र सो शब्दले इन्टरनेटमा आधारित सञ्चार माध्यमलाई समेत जनाउनेछ ।

**प्रमाणित**

**शम्भु गिरी**

(१०) **"सञ्चार गृह"** भन्नाले प्रचलित कानूनबमोजिम छापा तथा विद्युतीय माध्यमबाट समाचार, विज्ञापन तथा सूचना प्रकाशन, प्रशारणसम्बन्धी कारोबार गर्ने गरी स्थापना भएका सञ्चार गृहहरूलाई सम्झनु पर्दछ ।

(११) **"सूचना केन्द्र"** भन्नाले दंगीशरण गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र भन्ने सम्झनु पर्दछ ।

(१२) **"सार्वजनिक सूचना"** भन्नाले सर्वसाधारण सबैको जानकारीको लागि कार्यालयको तर्फबाट जारी गरिने सूचना तथा पदपूर्ती, कोटेशन, सिलबन्दी दरभाउ पत्र, टेन्डर आह्वान लगायतका सूचना भन्ने सम्झनु पर्दछ ।

(१३) **"लोक कल्याणकारी विज्ञापन"** भन्नाले कार्यालयको तर्फबाट सञ्चार माध्यमलाई दिइने सार्वजनिक हितसँग सम्बन्धित सूचना वा सन्देशलाई सम्झनु पर्दछ ।

(१४) **"लोक कल्याणकारी विज्ञापनको रकम"** भन्नाले कार्यालयको तर्फबाट सार्वजनिक हिंतसँग सम्बन्धित सूचना वा सन्देश प्रकाशन वा प्रसारण गरेबापत सञ्चार माध्यमलाई दिइने रकम भन्ने सम्झनु पर्दछ ।

(१५) **"सञ्चारकर्मी"** भन्नाले सञ्चारकर्मीको रूपमा सूचना विभागबाट प्रेस पास प्राप्त गरेको र सञ्चार माध्यमको प्रकाशन वा प्रसारणको काममा संलग्न पत्रकार, फोटोग्राफर, प्राविधिक तथा सो कार्यमा प्रत्यक्ष रूपमा संलग्न व्यक्ति भन्ने सम्झनु पर्दछ ।

**३. सार्वजनिक सूचना तथा लोक कल्याणकारी विज्ञापन दिन सक्नेः** (१) कार्यालयले आवश्यकता अनुसार सार्वजनिक सूचना तथा लोक कल्याणकारी बिज्ञापन प्रकाशन तथा प्रसारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना, सन्देश तथा विज्ञापन प्रकाशन वा प्रशारण गर्दा प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्राप्त सञ्चार गृह एवं सञ्चार माध्यमहरू मार्फत गरिनेछ ।

(३) छापा माध्यममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षहरूले शुभकामना सन्देश दिंदा देहायबमोजिमको मापदण्ड अनुसार दिन सकिनेछः

क. गाउँपालिका अध्यक्षले बाहिरी पृष्ठमा रङ्गिन तथा श्यामश्वेतमा पुरा पृष्ठको २५% भागसम्म ।

ख. गाउँपालिका उपाध्यक्षले भित्री पृष्ठको श्यामश्वेतमा पुरा पृष्ठको १५% भागसम्म ।

ग. वडाध्यक्षहरूले भित्री पृष्ठको श्यामश्वेतमा पुरा पृष्ठको १०% भागसम्म ।

(४) गाउँ कार्यपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको तर्फबाट प्रकाशन तथा प्रसारण हुने सूचना, सन्देश तथा विज्ञापन एकद्वार प्रणालीबाट सूचना तथा अभिलेख केन्द्र मार्फत दिइनेछ ।

**४. सूचि दर्ता गर्नु पर्नेः** (१) यस कार्यालयको सूचना, सन्देश तथा विज्ञापन प्रकाशन वा प्रसारण गर्न चाहने सञ्चार गृह एवं सञ्चार माध्यमले यस कार्यालयमा सूचि दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचि दर्ता गराउँदा निम्नलिखित कागजातहरू पेश गर्नु पर्नेछः

क. सूचि दर्ता गराई पाउँ भन्ने ढाँचाको निवेदन पत्र ।

ख. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।

ग. सञ्चार माध्यम सूचना तथा प्रसारण विभाग वा आधिकारीक निकायमा दर्ता भएको आधिकारिक प्रमाण-पत्रको प्रतिलिपी ।

घ. सञ्चार माध्यमको वर्गीकरण सहित नेपालको प्रेस काउन्सिलको दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

प्रमाणित

शम्भु गिरी
अध्यक्ष

ङ. सञ्चार माध्यमको स्थायी लेखा नम्बरको प्रमाण-पत्रको प्रतिलिपी ।

च. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(३) सूचि दर्ताको लागि हरेक आर्थिक वर्षको शुरूमा कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

**५. सूचना, सन्देश तथा विज्ञापनको वर्गीकरणः** (१) कार्यालयले प्रकाशन तथा प्रसारण गर्ने सूचना, सन्देश तथा विज्ञापनको वर्गीकरण गर्दा विज्ञापन प्रसारण सामाग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनुपर्नेछ ।

(२) कार्यालयबाट सूचना, सन्देश तथा विज्ञापन प्रकाशन तथा प्रसारण गराउँदा देहायबमोजिमको मापदण्डको आधारमा गरिनेछः

क. सार्वजिनक सूचना, कोटेशन सिलबन्दी दरभाउ पत्र तथा टेण्डर आह्वान सम्बन्धी सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा ।

ख. सन्देशमूलक सूचना तथा लोककल्याणकारी विज्ञापन रेडियो, विद्युतीय तथा छापा सञ्चार माध्यमका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, अर्द्धवार्षिक तथा वार्षिक पत्रिका ।

ग. शुभकामना सन्देशहरू रेडियो, टेलिभिजन, रेडियो, विद्युतीय तथा छापा सञ्चार माध्यमका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, अर्द्धवार्षिक तथा वार्षिक पत्रिका, क्यालेण्डर, मुखपत्र ।

घ. श्रव्यदृश्य सन्देश सहितको वृत्तचित्र रेडियो, टेलिभिजन ।

**६. लोक कल्याणकारी विज्ञापनको मापदण्डः** (१) लोक कल्याणकारी विज्ञापन दिँदा देहायबमोजिमका मापदण्डहरू पुरा गर्नुपर्नेछः

क. लोक कल्याणकारी विज्ञापन कार्यालयबाट प्रवाह गरिने सेवा तथा सुविधाहरूको बारेमा सर्वसाधारणलाई जानकारी प्रदान गर्ने खालको हुनुपर्नेछ

ख. जनताको स्वास्थ्य सुधार गर्ने खालको सन्देशमूलक हुनुपर्नेछ

ग. गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्र, धार्मिक तथा सांस्कृतिक क्षेत्रहरूको बारेमा जानकारी दिने खालको हुनुपर्नेछ

घ. वन तथा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण, मौलिक संस्कृतिको संरक्षणमा टेवा पुर्याउने खालको हुनुपर्नेछ

ङ. बालविवाह, घरेलु हिंसा, जातिय विभेद र सामाजिक विकृतिहरूलाई अन्त्य गर्न टेवा पुर्याउने खालको हुनुपर्नेछ

च. धुम्रपान, मद्यपान, लागु पदार्थ सेवन जस्ता कूलतहरूको रोकथाम तथा नियन्त्रणमा टेवा पुर्याउने खालको हुनुपर्नेछ

छ. प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र प्रचारप्रसारमा टेवा पुर्याउने खालको हुनुपर्नेछ

ज. बाढी, पहिरो, चट्याङ जस्ता प्राकृतिक विपत्तिहरूबाट सचेत बनाउने खालको हुनुपर्नेछ

झ. कार्यालयबाट समय समयमा आयोजना हुने विशेष घुम्ती शिविर, स्वास्थ्य शिविर तथा अन्य सेवा प्रवाहसँग सम्बन्धित सूचनामूलक हुनुपर्नेछ

(२) सूचना तथा अभिलेख व्यवस्थापन केन्द्रले कार्यालयबाट समय समयमा दिइने सूचना, सन्देश तथा लोक कल्याणकारी विज्ञापनको सूचना बैंक बनाई राख्नुपर्नेछ ।

प्रमाणित

शम्भु गिरी
अध्यक्ष

(३) सञ्चार माध्यमहरूले कार्यालयबाट स्विकृती प्राप्त गरेर मात्र सूचना, सन्देश तथा लोक कल्याणकारी विज्ञापन प्रकाशन प्रसारण गर्नुपर्नेछ ।

**७. सूचना, सन्देश तथा विज्ञापन प्रकाशनको रकम भुक्तानी दरः** (१) कार्यालयको तर्फबाट सूचना, सन्देश तथा विज्ञापन प्रकाशन गरेबापत देहायबमोजिम रकम भुक्तानी गरिनेछः

क. कार्यालयको तर्फबाट राष्ट्रिय दैनिकमा प्रकाशन हुने कोटेशन, सिलबन्दी दरभाउ पत्र, टेन्डर आह्वान तथा अन्य अत्यावश्यक सूचनाहरूको हकमा छापा माध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ ।

ख. कार्यालयको तर्फबाट छापा माध्यमका दैनिक तथा साप्ताहिक पत्रिकाहरूका प्रकाशन हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन गरे बापत बढीमा रू. ५,०००/- (पाँच हजार रूपैयाँ) सम्म ।

ग. कार्यालयको तर्फबाट छापा माध्यमका पाक्षिक तथा मासिक पत्रिकाहरूका प्रकाशन हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन गरे बापत बढीमा रू. ७,०००/- (सात हजार रूपैयाँ) सम्म।

घ. कार्यालयको तर्फबाट छापा माध्यमका त्रैमासिक, अर्द्धवार्षिक तथा वार्षिक पत्रिकाहरूका प्रकाशन हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन गरे बापत बढीमा रू. ८,०००/- (आठ हजार रूपैयाँ) सम्म ।

ङ. कार्यालयको तर्फबाट अनलाईन सञ्चार माध्यमबाट प्रकाशन हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन गरे बापत बढीमा रू. ३,०००/- (तीन हजार रूपैयाँ) सम्म ।

च. कार्यालयको तर्फबाट रेडियोबाट प्रसारण हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापत बढीमा रू. १०,०००/- (दश हजार रूपैयाँ) सम्म।

छ. कार्यालयको तर्फबाट टेलिभिजनबाट प्रसारण हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापत बढीमा रू. १५,०००/- (पन्ध्र हजार रूपैयाँ) सम्म ।

ज. कार्यालयबाट स्विकृती लिई रेडियोबाट वृत्तचित्र प्रसारण गरेबापत बढीमा रू. १५,०००/- (पन्ध्र हजार रूपैयाँ) सम्म ।

झ. कार्यालयको स्विकृती लिई स्थानीय टेलिभिजनबाट वृत्तचित्र प्रसारण गरेबापत बढीमा रू. २५,०००/- (पच्चीस हजार रूपैयाँ) सम्म ।

ञ. कार्यालयको स्विकृति लिई राष्ट्रिय प्रसारण रहेका टेलिभिजनवाट वृत्तचित्र प्रसारण गरेबापत बढीमा रू. ५०,०००/- (पचास हजार रूपैयाँ) सम्म।

ट. क्यालेण्डर, मुखपत्र तथा वार्षिक प्रकाशनमा दिइने शुभकामना सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन गरेवापत बढीमा रू. १५,०००/- (पन्ध्र हजार रूपैयाँ) सम्म।

ठ. यस दफामा उल्लेखित रकमभन्दा बढी रकमको सन्देश तथा सूचना प्रकाशन तथा प्रशारण गर्नु परेमा अध्यक्षस्तरको निर्णयबाट गरिनेछ ।

(२) सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापनको भुक्तानी दिंदा जतिसुकै रकमको बिल पेश गरेको भएतापनि यस मापदण्डमा तोकिएकोभन्दा बढी रकम भुक्तानी गरिने छैन ।

(३) कार्यालयबाट स्विकृति लिई सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरेबापतको रकम भुक्तानी लिन देहायबमोजिमका कागजात पेश गर्नु पर्नेछः

**प्रमाणित** शम्भु गिरी
अध्यक्ष

क. भुक्तानीको लागि आधिकारिक अनुरोध पत्र ।

ख. सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन प्रसारणको लागि कार्यालयबाट प्रदान गरिएको स्विकृती पत्र ।

ग. रितपूर्वकको बिल बिजक ।

घ. सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन प्रकाशन प्रसारण भएका हरेक अङ्कहरूको प्रति र रेडियो तथा टेलिभिजनको हकमा सफ्ट कपी ।

(४) कार्यालयको तर्फबाट प्रकाशन तथा प्रसारण भएका सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापनको भुक्तानी हरेक आर्थिक वर्षको पौष र असाढ महिनामा गरिनेछ ।

**८. सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापन परिचालन तथा व्यवस्थापन समितिसम्बन्धी व्यवस्थाः** (१) कार्यालयको तर्फबाट सञ्चार माध्यममा प्रकाशन हुने सूचना, सन्देश तथा लोककल्याणकारी विज्ञापनको परिचालन तथा व्यवस्थापन गर्न देहायबमोजिमको समिति रहनेछः

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. सूचना अधिकारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क. कार्यालयको तर्फबाट प्रकाशन तथा प्रसारण हुने सूचना तथा विज्ञापनको वर्गीकरण गर्ने ।

ख. कार्यालयको तर्फबाट प्रकाशन तथा प्रसारण गर्ने सञ्चार माध्यमको वर्गीकरण गर्ने ।

ग. कार्यालयको तर्फबाट प्रकाशन तथा प्रसारण गरिने लोक कल्याणकारी विज्ञापन स्वीकृत गरी सञ्चार माध्यमलाई दिने ।

घ. विशेष दिवस, पर्व तथा अवसरको बेलामा दिइने शुभकामना सन्देश स्वीकृत गरी सञ्चार माध्यमलाई दिने स्वीकृति दिने ।

ङ. कार्यालयको तर्फबाट दिइने सूचना, विज्ञापन तथा सन्देशहरूको दर पुनरावलोकन गरी स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

च. सूचना, सन्देश तथा विज्ञापनमा खर्च भएको रकम अनुमोदन गर्ने ।

छ. कार्यालयको तर्फबाट वार्षिक प्रगति प्रतिवेदन तथा अन्य विषयमा प्रकाशन गर्न स्वीकृति दिने ।

ज. गाउँपालिकाभित्रका ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक सम्पदाहरूको प्रचार प्रचार हुने खालका लेखरचना प्रकाशन गर्ने गराउने ।

झ. गाउँपालिकाले सम्पादन गरेका कार्यहरूको वृत्तचित्र तयार गरी प्रकाशन प्रसारण गराउने ।

ञ. गाउँपालिकाकाको तर्फबाट जारी गरिने सूचना, सन्देश तथा विज्ञापनको नमूना स्वीकृत गर्ने ।

ट. गाउँपालिकाको तर्फबाट जारी गरिने सार्वजनिक सूचना तथा सन्देशहरू प्रकाशनका लागि सूचना बोर्ड, होर्डिङ्ग बोर्ड तथा फ्लेक्स बोर्ड प्रकाशनका लागि स्वीकृति दिने ।

ठ. सूचना, सन्देश तथा विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी आइपर्ने अन्य कार्य गर्ने ।

प्रमाणित

शम्भु गिरी
अध्यक्ष

**९. व्याख्या गर्ने अधिकारः** यस मापदण्डमा उल्लेख भएका कुनै कुरामा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

**१०. बाझिएको खण्डमा अमान्य हुनेः** यस मापदण्डमा भएका व्यवस्थाहरू संघीय तथा प्रदेश कानूनसँग बाझिएको खण्डमा स्वतः अमान्य हुनेछ ।

**११. बाधा अडकाउ फुकाउने अधिकारः** यस मापदण्ड कार्यान्वयनका सिलसिलामा कुनै बाधा अडचन् उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार गाउँपालिकामा रहनेछ ।

**प्रमाणित**

शम्भु गिरी
**अध्यक्ष**